# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४४) काठमाडौं, जेठ १६ गते २०५१ साल (संख्या ७


## भाग ३

श्री ५ को सरकार

### भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सूचना

श्री ५ को सरकारले जग्गा (नापजाँच) ऐन, २०१९ को दफा ११ ख को प्रयोजनको लागि डोटी र बैतडी जिल्लाहरूमा जग्गा नापजाँच गर्दा देखापरेका समस्याहरू सुल्झाउने आवश्यक निर्णय गर्न देहायबमोजिमको अध्यक्ष तथा सदस्यहरू रहेको समिति गठन गरी समितिको काम, कर्तव्य र अधिकार तथा कार्य अवधि देहायबमोजिम तोकेको छ ।

**समितिमा रहने अध्यक्ष तथा सदस्यहरू**

(१) सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी ..........................अध्यक्ष

(२) सम्बन्धित जिल्लाका जिल्ला विकास समितिका प्रतिनिधि ..............सदस्य

(३) सम्बन्धित जिल्लाका जिल्ला वन नियन्त्रक ................................सदस्य




आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) सम्बन्धित जिल्लाका समस्या एवं सरोकार परेका गा.वि.स.का अध्यक्ष.सदस्य

(५) सम्बन्धित नापी शाखाका प्रमुख..........................................सदस्य

(६) सम्बन्धित जिल्लाका मालपोत अधिकृत..............................सदस्य सचिव

(क) **डोटी जिल्लामा गठन हुने समितिको काम, कर्तव्य र अधिकारहरू**

(१) जिल्लाका सबै गा.वि.स.हरूमा सार्वजनिक जग्गा, सरकारी जग्गा, वन सिमाना भित्रको जग्गा मिची नाप नक्सा गराइ दर्ता गरे गराएको भन्ने सम्बन्धमा जग्गा (नापजाँच) ऐन, २०१९ तथा जग्गा नापजाँच नियमावली २०३२ अनुसार आवश्यक छानबिन एवं जाँचबुझ गर्ने ।

(२) जग्गा (नापजाँच) ऐन, २०१९ को दफा ११ ख मा उल्लेख भएअनुसारका कुराहरूमा सुधार गर्ने वा समस्या सुल्झाउने सम्बन्धमा मालपोत ऐन,२०३४ को दफा २४ तथा वन ऐन, २०१८ को दफा २१ क. मा उल्लेखित अधिकारहरू समेत प्रयोग गरी आवश्यक निर्णय गर्ने ।

(३) जग्गा (नापजाँच) ऐन, २०१९ र जग्गा (नापजाँच) नियमावली, २०३२ बमोजिम निर्णय गर्दा सो मा उल्लेखित विषयमा सोही बमोजिम र सो मा उल्लेख नभएका तर सरकारी, सार्वजनिक, गुठी, वन र व्यक्ति विशेषको जग्गा छुटयाँउदा यस समितिलाई निर्णयको लागि आवश्यक पर्ने अन्य प्रचलित कानूनमा उल्लेख भएका सम्बन्धित सबै अधिकारहरू प्रयोग गर्ने ।

(४) यसरी छानबिन गर्दा जानाजानी प्रचलित ऐन, नियमको बर्खिलाप कर्मचारीहरूले काम गरेको देखिन आएमा निजहरूलाई आवश्यक विभागीय कारवाही गर्न आफ्नो राय ठहर साथ सम्बन्धित विभागहरुमा पठाउने ।

(ख) **बैतडी जिल्लामा गठन हुने समितिको काम, कर्तव्य र अधिकारहरु**

(१) नापजाँच भएका सम्बन्धित जिल्लाहरूमा सार्वजनिक जग्गा, सरकारी जग्गा वा वन सिमाना भित्रको जग्गा मिची नाप-नक्सा गराइ दर्ता गरे गराएको भन्ने

९८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्बन्धमा जग्गा (नापजाँच) ऐन, २०१९ तथा जग्गा (नापजाँच) नियमावली, २०३२ अनुसार आवश्यक छानबिन एवं जाँचबुझ गर्ने र आवश्यक निर्णय गरी सो सुधार गर्ने ।

(२) सरकारी वन जंगल तथा व्यक्ति विशेषको हक भोगको जग्गाको साँध सिमाना यकिन गरी दर्ता गर्न समस्या परेमा सो सम्बन्धमा छानबिन एवं जाँचबुझ गरी आवश्यक निर्णय गर्ने ।

(३) नापीका समयमा वन जंगल देखिएको तर व्यक्ति विशेषले तिरो तिरान गरी भोग चलन गरी आफ्नो हक प्रमाणको निजी जग्गा हो भन्ने सप्रमाण दावी लिएको सम्बन्धमा छानबिन गरी निर्णय गर्ने र निजी जग्गा ठहरिएमा निजी वन जंगल राष्ट्रियकरण ऐन, २०१३ को दफा २ (ख) मा उल्लेख भए अनुसार पहाडमा २५ रोपनीसम्म वन जंगल निजी वनको रुपमा दर्ता गर्ने निर्णय गर्ने ।

(४) कुनै क्षेत्रमा सामुदायिक वन राख्न चाहेमा प्रक्रिया पुऱ्याई सामुदायिक वन उल्लेख गरी नापजाँच गराउन आवश्यक निर्णय गर्ने ।

(५) जग्गा (नापजाँच) ऐन, २०१९ को दफा ११ ख. मा उल्लेख भएअनुसारको कुराहरूमा सुधार गर्ने वा समस्या सुल्झाउने सम्बन्धमा स्थानीय प्रशासन ऐन, २०२८ मालपोत ऐन, २०३४ तथा मालपोत नियमावली, २०३६ र वन ऐन, २०१८ मा उल्लेखित सम्बन्धित अधिकारहरू समेत प्रयोग गरी आवश्यक निर्णय गर्ने तर जग्गा (नापजाँच) ऐन, २०१९ अनुसार ७ दिनको सूचना प्रकाशित गरी म्याद भित्र परेका निवेदनबाट तेरो मेरो परी निर्णय हुन बाँकी रहेका ३४२ थान मिसिल मालपोत अधिकृत, मालपोत कार्यालय, बैतडीले समितिबाट निर्णय गराइ जग्गा नापजाँच ऐन, २०१९ को दफा ६ को उपदफा (७) बमोजिम निर्णय गर्नु पर्ने ।

(६) जग्गा (नापजाँच) ऐन, २०१९ तथा जग्गा (नापजाँच) नियमावली, २०३२ बमोजिम निर्णय गर्दा सो मा उल्लेखित विषयमा सोही बमोजिम र सो मा उल्लेख नभएका तर सरकारी सार्वजनिक, गुठी, वन र व्यक्ति विशेषको जग्गा छुट्याउँदा यस



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

समितिलाई निर्णयको लागि आवश्यक पर्ने अन्य प्रचलित कानूनमा उल्लेख भएका सम्बन्धित सबै अधिकारहरू प्रयोग गर्ने ।

(ख) यसरी जाँचबुझ एवं छानबिन गर्दा प्रचलित ऐन नियम विपरित अनियमित काम कारवाही भए गरेको देखिएमा सो अनियमित कुराहरु सुधार गर्ने वा समस्या सुल्झाउन आवश्यक परे दर्ता वदर गर्ने समेत निर्णय गर्ने र यसरी छानबिन गर्दा कुनै कर्मचारीले जाना जानी प्रचलित ऐन, नियमको बर्खिलाप काम कारवाही गरेको देखिन आएमा त्यस्ता कर्मचारीहरूलाई आवश्यक विभागीय कार्यवाही गर्न आफ्नो राय साथ सम्बन्धित विभागमा पठाउने ।

(ग) दफा १ बमोजिम गठित समितिको कार्य अवधि समितिले काम शुरु गरेको मितिले एक वर्षको हुनेछ ।

आज्ञाले,

शरदकुमार भट्टराई

श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

१०७



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।